# दैलेख जिल्ला अदालत
## दैलेख

पत्र संख्याः - ०७८-०७९
च. नं. १९

फोन नं. ०८९-४२०१२४, ४२०१२१
Email-info.dcdailekh@supremecourt.gov.np

मितिः - २०७८/०४/०५

दैलेख जिल्ला अदालतबाट जारी भएको
सूचना

नयाँ भेरियन्ट सहितको कोरोना भाईरसको संक्रमण यस दैलेख जिल्ला लगायत देशका सबै जिल्लाहरुमा तीव्रगतिमा फैलिएको कारण यस अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका म्याद थप, जरुरी पक्राउपूर्जी समर्थन, पक्राउ अनुमति, अभियोगपत्र दर्ता, थुनछेक आदेश र वन्दीप्रत्यक्षीकरणका निवेदन, फौजदारी कार्यविधि संहिताको दफा १५५ का निवेदन, घरेलु हिंसाका फिरादपत्र दर्ता बाहेकका अन्य सेवाहरु मिति २०७८।१।२१ देखि स्थगन गरिदै आएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।३।३१ को पूर्ण बैठकको निर्णयलाई मार्गदर्शनको रुपमा लिंदै, अदालत, जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला वार एकाईवीच वसेको बैठकले स्वास्थ्य सुरक्षा सम्वन्धी निर्धारित मापदण्डको पूर्णपालना हुनेगरी प्रवाह गरिने सेवाका सम्बन्धमा देहायबमोजिमको निर्णय गरिएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

- मिति २०७८।१।२१ देखि मिति २०७८।४।१४ सम्मको अवधिमा यस अदालतमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने दैलेख जिल्ला भित्रका सेवाग्राहीहरु मिति २०७८।४।१५ देखि बाटाका म्याद बाहेक ३०(तिस) दिनभित्र उपस्थित हुने।
- दैलेख जिल्ला भन्दा बाहिरका सेवाग्राहीका हकमा एक जिल्लाबाट अर्का जिल्ला सार्वजनिक यातायात चलेको मितिले बाटाका म्याद बाहेक ३०(तिस) दिनभित्र उपस्थित हुनुपर्ने।
- मिति २०७८।१।२१ देखि मिति २०७८।४।१४ सम्मको अवधिको हदम्याद, म्याद र तारेख थाम्ने थमाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको बृहतपूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश र मिति २०७८।१।१४ को पूर्ण बैठकको निर्णय बमोजिमको सुविधा मिति २०७८।४।१५ देखि लागु हुने।
- मिति २०७८।४।१५ भन्दा अगावै सेवाग्राहीहरु तारेख लिन उपस्थित भएमा मिति २०७८।४।१० देखि नै तारेख तोक्ने, फिरादपत्र र प्रतिउत्तरपत्र, प्रतिवादी समेतका सबै प्रकारका निवेदनहरु मिति २०७८।४।१० देखि दर्ता गर्ने।
- यस अदालतबाट प्रवाह भैरहेका सेवाहरुमा निरन्तरता दिंदै मिति २०७८।४।१५ देखि सबै प्रकारका सेवाहरु पूर्ण रुपमा सुचारु गर्ने।

२०७८/४/५
श्रेस्तेदार
उपसचिव